**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २२ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

## प्रमुख समाचार

- राष्ट्रले आज पहलगाम आतंकी हमलाको पहिलो बार्षीकीमा मृतकहरुलाई श्रद्धांजलि अर्पित गरिरहेको छ।

- राज्यमा भोली हुन गइरहेको विधानसभा चुनावको पहिलो चरणको मतदानको लागि सबै तयारी पूरा भइ सकेको छ। दोस्रो चरणको चुनावको लागि प्रचार तीव्र गतिमा चली रहेको छ|

- भोलि हुन गइरहेको विधानसभा चुनावको लागि खरसाङ विधानसभा समष्टिको विभिन्न बुथहरुमा मतदान कर्मीहरु प्रस्थान गरेका छन्|

- खरसाङको टाशी सम्तेन्लिंग गोन्पामा आगामी बुद्ध जयन्तीको अवसरमा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिने भएको छ।

- नेपालका गृहमन्त्री सुदन गुरुङले विवादित सेयर कारोबार आरोप लागेपछि आफ्नो पदबाट राजीनामा दिनु भएको छ।

## पहलगाम आतंकी हमला बार्षीकी

राष्ट्रले आज पहलगाम आतंकी हमलाको पहिलो बार्षीकीमा मृतकहरुलाई श्रद्धांजलि अर्पित गरिरहेको छ। जम्मू-कश्मीरको पहलगाममा आज कै दिन आतंकवादीहरुले 26 निर्दोष मानिसहररको हत्या गरेका थिए। त्यसमा धेरैजसो मानिसहरु पर्यटक थिए।

**बाईट**

**अपरेशन सिन्दूर अन्तर्गत भारतीय सशस्त्र बल द्वारा गरिएको लक्षित हमलामा पाकिस्तान र पीओकेमा नौ आतंकवादी शिविरहरूलाई सटीक रूपमा लक्षित गरिएको थियो। जसमा सयभन्दा बढी आतंकवादी, उनीहरूका प्रशिक्षक, संचालक र सहयोगी मारिएका थिए।अधिकांश आतंकवादी जैश-ए-मोहम्मद, लश्कर-ए-तैयबा र हिजबुल मुजाहिद्दीन जस्ता आतंकवादी संगठनहरूसित सम्बन्धित थिए।यस अपरेशनले भूमि, वायु र समुद्रको माध्यमले उच्च-सटीकता र समन्वित सैन्य कारबाही अन्तर्गत भारतको उत्कृष्ट क्षमतालाई प्रदर्शित गर्‍यो।**

**पहलगाम आतंकी हमलाको जवाबमा, भारतीय सशस्त्र बलहरुले गत वर्ष 6 र 7 मई को राती 'अपरेशन सिन्दूर' सुरु गरेका थिए। अपरेशन सिन्दूर स्मरण गर्दै भारतीय सेनाले सोशल मीडियामा एक संदेश साझा गरेको छ।जसमा उनीहरुले आतंकवादीहरूलाई कडा चेतावनी दिंदै भनेका छन् कि 'जब मानवताको सीमा पार हुँदछ, तब जवाब निर्णायक हुँदछ। यस जघन्य कृत्यले सम्पूर्ण राष्ट्रलाई स्तब्ध बनायो र विश्वभरिका सरकार र नेताहरूले यसको कडा निन्दा गरेका थिए।**

## बङ्गाल पहिलो चरण चुनाव

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान भोली 16 जिल्लाका 152 सीटहरुमा हुनेछ। मतदान बिहान 7 बजेदेखि शुरू हुनेछ। निर्वाचन आयोगले मतदान केन्द्रहरूमा आवश्यक तयारी पूरा भइसकेको जनाएको छ। मतदान शुरु हुन 48 घण्टा अघि सार्वजनिक चुनावी प्रचार कार्यक्रम समाप्त भएको छ। आज सबै दलका उम्मेदवार तथा तिनका प्रतिनिधिहरू बेलुकासम्म व्यक्तिगत रूपमा मतदातासँग भेटघाट गर्दै समर्थन माग्न व्यस्त देखिएका थिए। लगभग 3 करोड 6 लाख मतदाताहरु मतदान प्रक्रियामा सहभागी हुने आयोगको अनुमान छ। तीमध्ये 1 करोड 84 लाख पुरुष, 1 करोड 75 महिला तथा 465 तेस्रो लिङ्गी मतदाता रहेका छन्। मुख्य प्रतिस्पर्धा तृणमूल कङ्ग्रेस र भारतीय जनता पार्टीबीच रहने अनुमान गरिएको छ। कङ्ग्रेस, वाममोर्चा तथा अन्य क्षेत्रीय दलहरूले पनि विभिन्न क्षेत्रमा उम्मेदवारी दिएका छन्। मतदान शान्तिपूर्ण र व्यवस्थित बनाउन सुरक्षा व्यवस्था थप कडा पारिएको प्रशासनले जनाएको छ। हाम्रा संवाददाताले बताए अनुसार यस चरणमा एक हजार चार सय अठहत्तर उम्मीदवार चुनाव मैदानमा छन्।

**बाईट**

**निर्वाचन आयोगले स्वतंत्र, निष्पक्ष र शांतिपूर्ण चुनाव गराउनका लागि सबै तैयारी गरेको छ। मतदान 44 हजार 3 सय 76 बूथहरुमा हुनेछ जसमा तीन हजार सहायक बूथ सामेल छन्।महिलाहरू द्वारा 5हजार4सय44 बुथ सञ्चालित गरिनेछन्। 207 मोडेल बुथहरू छन्। बालुरघाट र आसनसोल दक्षिण विधानसभा क्षेत्रमा दुई दिव्यांगजन- सञ्चालित बुथहरू पनि छन्। पहिलो चरणको चुनावमा 167 महिला उम्मेदवारहरूले प्रतिस्पर्धा गरिरहेका छन्। सबै बूथहरुमा शत-प्रतिशत वेबकास्टिंग गरिनेछन्। शान्तिपूर्ण मतदान सुनिश्चित गर्न आयोगले त्वरित प्रतिक्रिया दल, हवाई टोली र सीसीटीभी क्यामेरा सहित विभिन्न सुरक्षा व्यवस्था मिलाएको छ।**

**तमिलनाड़ु चुनाव**

तमिलनाड़ुमा भोली राज्यका सबै 234 विधानसभा सीटहरुमा एउचै चरणमा मतदान हुनेछ। हाम्रा संवाददाताले बताए अनुसार राज्यमा 5 करोड़ 73 लाख 43 हजार भन्दा बढ़ी मतदाता छन्।

**अमित शाह**

यसै बीच, दोस्रो चरणको चुनावको लागि विभिन्न राजनीतिक दलहरुले आफ्नो प्रचार तीव्र बनाएका छन्| गृहमन्त्रि तथा भाजपाका वरिष्ट नेता अमित शाहले तृणमूल कांग्रेसले १५ वर्षमा बंगाललाई ५० वर्ष पछाडि धकेलेको आरोप लगाउनु भएको छ। दम दम उत्तर विधानसभा निर्वाचन क्षेत्रमा एउटा जनसभालाइ सम्बोधन गर्नु हुँदै श्री शाहले भन्नु भयो दशकौंसम्म उनीहरूले युवाहरूलाई रोजगारबाट वञ्चित गरे, किसानहरूको उत्पादन कालोबजारी गरे र गरिबहरूका लागि खाद्यान्न पनि लुटे। राज्यकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यनर्जीले आज तीनवटा विधान सभा क्षेत्रमा पार्टीका उम्मेदवारहरुको लागि चुनावी जनसभा लाई सम्बोधन गर्नभयो| आमदङ्गा, हरिपाल, शिवपुर अनि हावड़ा दक्षिणमा जनसभा गर्नुभयो| यसरी नै पार्टी महासचिव अभिषेक ब्यानर्जीले पनि दक्षिण बङ्गालका चारवटा स्थानहरुमा चुनावी जनसभालाइ सम्बोधन गर्नुभयो| उत्तर प्रदेशका मुख्य मन्त्रि योगी आदित्य नाथ, असम का मुख्यमन्त्रि हिमंत बिस्व सारमा अनि भाजपा अद्यक्ष नितिन नविनले पनि राज्यका विभिन्न स्थानहरुमा भाजपा उम्मेदवारहरुको समर्थनमा जनसभा र रैलीहरु गर्नु भयो| दोस्रो चरणको मतदान २९ अप्रेल्को दिन हुनेछ|

**चुनाव तयारी**

भोली हुन् गई रहेको विधानसभा चुनावको लागि खरसाङ विधानसभा समष्टिको विभिन्न बुथहरुमा मतदान कर्मीहरु प्रस्थान गरेका छन्। खरसाङ विधानसभा समष्टिको लागि मुख्य स्थल खरसाङको सन्त अल्फन्सेस विद्यालयबाट सबै बुथहरुमा मतदान कर्मीहरु प्रस्थान गरिसकेका छन्। आज बिहानदेखि नै सन्त अल्फन्सेस विद्यालयमा भेला मतदान कर्मीहरु आफुले पाएको ड्युटी अनुसार विभिन्न स्थानहरुमा रहेको बुथहरुको लागि प्रस्थान गरेका छन्। यसपाली खरसाङ विधानसभा समष्टिमा 296 पुलिङ बुथ र 6 वटा अग्जीलेरी गरी जम्मा जम्मा 305 वटा बुथहरु रहेको छ। प्रत्येक बुथमा एकजना प्रिसाईडिङ अफिसर, फस्ट पुलिङ अफिसर, सेकेण्ड पुलिङ अफिसर र थर्ड पुलिस अफिसर लगाएर जम्मा 4 जना चुनाव कर्मीहरु तैनाथ गरिएको छ। खरसाङ विधानसभा समष्टिमा जम्मा 17 वटा बुथहरुलाई संवेदनशील बुथको रुपमा चिन्हित गरिएको जानकारी प्राप्त भएको छ। यसको साथै एउटा बुथमा बंगाल पुलिस एकजना, 4 जना केन्द्रीय बलका जवानहरु गरेर एउटा बुथमा जम्मा 5 जना सुरक्षाकर्मीहरु तैनाथ गरिएको जानकारी प्राप्त भएको छ।

**दार्जिलिङ पुलिस तयारी**

स्वतन्त्र, निष्पक्ष तथा सुरक्षित निर्वाचन प्रक्रिया सुनिश्चित गर्न दार्जिलिङ पुलिसले सम्पूर्ण क्षेत्रमा विशेष सुरक्षा व्यवस्था गरेको छ। मतदानलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन विभिन्न सुरक्षा टोली परिचालन गरिने जनाएको छ। दार्जिलिङ पुलिसले आफ्नो सामाजिक संजाल मार्फत जारी गरिएको संदेशमा जिल्लाभरि 22 वटा आरटी मोबाइल तथा 66 वटा क्यूआरटी मोबाइल तैनाथ गरिने बताएको छ। यी टोलीहरूले मतदान अवधिभर सक्रिय रूपमा क्षेत्रको निगरानी गर्नेछन्। साथै वरिष्ठ अधिकारीहरूले संवेदनशील क्षेत्र तथा मतदान केन्द्रहरूको भ्रमण गरी सुरक्षा अवस्थाको निरीक्षण गर्नेछन्। त्यसैगरी दार्जिलिङ प्रवेश गर्ने तथा बाहिरिने सबै मार्गहरूमा दिनभर विशेष नाका टोली परिचालन गरिनेछ। केन्द्रीय सशस्त्र पुलिस बल (CAPF) द्वारा विश्वास निर्माणका उपायहरू नियमित तैनाथीसँगै मतदान समाप्तिपछि रातभरि पनि जारी रहने जनाइएको छ। दार्जिलिङ पुलिसले मतदातालाई निडर भएर मतदान केन्द्रमा पुग्न आग्रह गरेको छ।

**निर्वाचन आयोग फेक न्युज**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकृतको कार्यालयले चुनाव प्रक्रियासम्बन्धी गलत सूचना फैलाइएको घटनाप्रति कडा आपत्ति जनाएको छ। केही व्यक्ति तथा सञ्चारमाध्यमका एक वर्गले जानी बुझी भ्रामक समाचार प्रसारण गरेको आरोप लगाइएको छ। कार्यालयले जारी गरेको वक्तव्यमा यस्ता गतिविधिले सर्वसाधारणलाई भ्रममा पार्नुका साथै लोकतान्त्रिक संस्थाप्रतिको जनविश्वास कमजोर बनाउने उल्लेख गरिएको छ। निर्वाचन जस्तो संवेदनशील विषयमा अपुष्ट तथा गलत सूचना फैलाउनु गैरजिम्मेवार कार्य भएको पनि जनाइएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले झुटा तथा अप्रमाणित सूचना प्रसार गर्ने व्यक्ति

अथवा संस्थाविरुद्ध कडा कानुनी कारबाही गरिने चेतावनी दिएको छ। दोषी पहिचान भएपछि कानुनअनुसार कदम चालिने जनाइएको छ। कार्यालयले नागरिक तथा सञ्चारमाध्यमलाई सत्यापित सूचना मात्र साझा गर्न तथा निर्वाचन प्रक्रियासम्बन्धी जानकारीका लागि आधिकारिक स्रोतमा भर पर्न आग्रह गरेको छ।

**बंगाल चुनाव - अन्तरराष्ट्रिय प्रतिनिधिमण्डल**

पश्चिम बंगाल विधानसभा चुनाउको क्रममा मतदानको अवस्थाको जायजा लिनको लागि चुनाउ आयोगले ल्याएको अन्तरराष्ट्रिय प्रतिनिधिमण्डलका सदस्यहरूले आज सिलगढ़ी कलेजको DCRC सेन्टरको भ्रमण गरे। चुनावी परिवेश, पारदर्शिता एवम् चुनाउ प्रक्रियाबारे उनीहरूले जानकारी लिने काम गरे। आयोगका सुत्रहरू अनुसार, यो टोलीले राज्यका विभिन्न क्षेत्रहरुमा मतदान प्रक्रिया र सुरक्षा व्यवस्थाको निरीक्षण गर्नेछ। पश्चिम बंगालसँगै तमिलनाडुको पनि भ्रमण गराइने बताइएको छ। यो भ्रमण 'इन्टरनेशनल इलेक्शन भिज़िटर्स प्रोग्राम' (IEVP) अन्तर्गत आयोजन गरिएको थियो। मोठ 6 वटा देशहरू नामीबिया, जर्जिया, नेपाल, फिलीपिन्स, स्वीट्ज़रल्याड अनि केन्या एवम् 'इन्टरनेशनल IDEA' का मोठ 13 जना प्रतिनिधिहरू आज सिलगड़ी कलेज आए अनि यहाँको DCRC सेन्टरमा गएर प्रशासनिक अधिकारी, पोलिङ स्टाफहरूसित कुराकानी गरे। यसबारे पत्रकारहरूसित बोल्नु हुँदै इलेक्शन कमीशनका डेपुटी डाइरेक्टर अपूर्व कुमार सिंहले पश्चिम बंगालमा चुनाउ शान्तिपूर्ण ढंगमा सम्पन्न हुने आशा व्यक्त गर्दै अन्तरराष्ट्रिय प्रतिनिधिमण्डल यहाँको चुनावी माहोल अनि भारतीय चुनाउ प्रक्रिया हेर्न आएको बताउनु भयो।

**आचारसंहिता उल्लङ्घन**

पश्चिम बंगाल विधानसभा चुनाव अन्तर्गत पहिलो चरणको चुनाव प्रचार–प्रसार आज साँझ ६ बजी समाप्त भए पनि खरसाङमा भारतीय जनता पार्टीको झण्डा लगाएको गाडी देखिएपछि विवाद उत्पन्न भएको छ। आज साँझ खरसाङ बजारमा युपी नम्बरको उक्त गाडी प्रवेश गरेपछि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका पदाधिकारीहरूले चुनाव आचारसंहिता उल्लङ्घन भएको आरोप लगाउँदै गाडी रोकेका हुन्। यस सम्बन्धमा युवा शक्ति खरसाङ महकुमा समितिका सभापति प्रेमेन्द्र गुरुङ र एल्जिन ब्राह्मणले प्रचार–प्रसारको समय समाप्त भइसकेपछि पनि पार्टीको झण्डा लगाएर गाडी सञ्चालन गर्नु र गाडीभित्र समेत पार्टीका पर्चाहरू भेटिनु आचारसंहिताविरुद्ध भएको बताउनु भएको छ। उनीहरूले चुनाव प्रचारको समय सकिएपछि यसरी खुला रूपमा पार्टीको झण्डा प्रदर्शन गर्दै हिँड्नु नियमविपरीत भएको आरोप लगाएका छन्।

**बुद्ध जयन्ती**

खरसाङको टाशी सम्तेन्लिंग गोन्पामा आगामी बुद्ध जयन्तीका अवसरमा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिने भएको छ। तामाङ बुद्धिष्ट एसोसिएशनले कार्यक्रमबारे जानकारी दिएको हो। एसोसिएशनका अनुसार गोन्पाको स्थापना कालदेखि नै बुद्ध जयन्ती समारोह विभिन्न कार्यक्रममार्फत मनाउँदै आइएको छ। गत वर्ष गोम्पाले शताब्दी समारोह (100 वर्ष) पूरा गरेको अवसरमा धार्मिक, सांस्कृतिक तथा जनकल्याणकारी कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको जनाइएको छ। यस वर्ष पनि 2569 औं बुद्ध जयन्ती हर्षोल्लासका साथ मनाउने निर्णय गरिएको आयोजक संस्थाले जनाएको छ। कार्यक्रमअन्तर्गत 26 अप्रेलमा दशमी छेचु पूजा, 27 अप्रेल देखि 29 अप्रेल सम्म धर्म ग्रन्थ 'बुम' पाठ तथा 30 अप्रेल मा साङ–सेरगेम छोग पूजा गरिनेछ। त्यसैगरी 1 मई बिहान 9 बजी छयोइकोर आरम्भ हुने कार्यक्रम तय गरिएको छ। यस अवसरमा भगवान बुद्धको प्रतिमा सहित नगर परिक्रमा गरिने जनाइएको छ। दिउसो 1 बजेर 30 मिनेट देखि धर्मगुरु टुल्कु पाल्देन दोर्जे रिम्पोछेले दीर्घायु अभिषेक वांग प्रदान गर्ने विशेष कार्यक्रम पनि रहनेछ।

**नेपाल गृहमन्त्री सुधन गुरुङ राजीनामा**

नेपालका गृहमन्त्री सुदन गुरुङले आफ्नो पदबाट राजीनामा दिनु भएको छ। श्री गुरुङले विवादित सेयर कारोबार आरोपपछि प्रधानमन्त्री बालेन्द्र शाहलाई आज राजीनामा बुझाउनु भएको छ। विवादास्पद व्यवसायी दीपक भट्टसँग जोडिएको आफ्नो शेयर लगानीको बारेमा बढ्दो सार्वजनिक आलोचनाको बीच उहाँले नैतिक जिम्मेवारी बोध गर्दै आफ्नो पदबाट राजीनामा दिनु भएको हो। पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै गुरुङले शेयर होल्डिङ र बैंकिङ कारोबार लगायत आफ्नो वित्तीय कारोबारको बारेमा उठेका प्रश्नहरूको जवाफमा राजीनामा दिएको बताउनु भयो, जसले उल्लेखनीय सामाजिक र राजनीतिक दबाब सिर्जना गरेको थियो। श्री गुरुङले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै भन्नु भयो 'रामराज्यको चाहना राख्नेहरूले त्याग र नैतिक साहस देखाउनुपर्छ'। उहाँले निष्पक्ष छानबिनको माग गर्नु भएको छ।

**********